२७ औं बैठक

आज मिति २०८०/०६/२९ गते अपरान्ह ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १। | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २। | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३। | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४। | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५। | श्री राज् वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६। | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७। | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८। | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९। | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०। | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११। | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२। | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३। | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४। | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५। | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६। | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७। | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८। | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०। | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१। | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३। | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४। | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५। | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६। | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७। | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८। | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९। | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०। | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

निर्णय नं. १

धनगढी उप-महानगरपालिका क्षेत्र अन्तर्गत भूमिको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा, श्री राष्ट्रिय भूमि आयोगको प.सं. ०७९/०८०, च.नं. ७५६ , मिति २०८०/०३/१३ को स्थानीय तहहरु (सबै) लाई भएको परिपत्र, उक्त परिपत्रको सम्बन्धमा, यस उप-महानगरपालिकाको प.सं. ०८०/०८१, च.नं. ८२६, मिति २०८०/०५/१० को पत्र अनुसार मापदण्ड उपलब्ध गराईदिने भन्ने विषयमा श्री राष्ट्रिय भूमि आयोग, केन्द्रीय कार्यालयलाई गरिएको पत्राचार र उक्त पत्राचार पश्चात उक्त आयोगबाट पं.सं. ०८०/०८१, च.नं. ७५ , मिति २०८०/०५/१० को स्थानीय तहहरु (सबै) लाई भएको पछिल्लो पत्र समेतलाई मध्यनजर गरी सो सम्वन्धमा, धनगढी उप-महानगरपालिका क्षेत्र अन्तर्गत के-कसरी भूमिको क्षेत्र निर्धारण गर्नुपर्ने हो ? सो को विस्तृत रुपमा अध्ययन गर्नुपर्ने वाञ्छनीय भएकोले **भूमि नियमहरु, २०२१,भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८**, राष्ट्रिय भूमि आयोगबाट विभिन्न मितिमा भएका परिपत्रहरु लगायत अन्य प्रचलित कानूनहरुको परिधिभित्र रही विस्तृत अध्ययन गरी ठोस राय सहितको प्रतिवेदन १५(पन्ध्र) दिन भित्र पेश गर्न नगर कार्यपालिकाको मिति २०८०/०५/२४ गतेको २५ औं कार्यपालिका बैठकबाट वडा अध्यक्ष श्री बुद्धि बहादुर खड्काको संयोजकत्वमा **"भूमि क्षेत्र निर्धारण सम्वन्धी अध्ययन कार्यदल"** गठन गर्ने निर्णय भएकोमा उक्त कार्यदलले मिति २०८०/०६/२८ मा पेश गरेको प्रतिवेदन माथि छलफल गर्दा प्रतिवेदनले उप-महानगरपालिकाको सबै वडाहरुलाई समेट्न नसकेको, क्षेत्र निर्धारण वैज्ञानिक तथा तथ्यपरक रुपमा सिफारिस हुन नसकेको देखिएकोले यस कार्यदललाई साविकमा लिएका ८ वटा आधारहरुसँगसँगै RUDP को Long Term Plan र MTMP समेतलाई आधार मानी वैज्ञानिक र तथ्यगत ढङ्गको तहगत क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन पुनः तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. २

यस धनगढी उप-महानगरपालिकाको कार्यालय र नगर कार्यपालिकालाई विपक्षी बनाई जुनसुकै व्यक्ति वा संस्थाबाट सम्मानित सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा दायर हुने जुनसुकै मुद्दामापनि धनगढी उप-महानगरपालिका कार्यालय र नगर कार्यपालिकाको तर्फबाट सम्बन्धित सम्मानित अदालतमा उपस्थित भई लिखित जवाफ वा प्रतिउत्तरपत्र दर्ता गरी मुद्दा वा रिटमुद्दामा रुजु हाजिर रही आफै वा प्रतिनिधी समेत खटाउन पाउने गरी यस धनगढी उप-महानगरपालिका कार्यालयमा कार्यरत कानून अधिकृत श्री खडक सिंह कुञ्जेडालाई सम्पूर्ण अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ३

यस धनगढी उप-महानगरपालिकाको आयोजना र लक्ष्मीनारायण मन्दिरको व्यवस्थापनमा ज्येष्ठ नागरिक तथा भगतहरुलाई मुक्तिनाथ धार्मिक यात्रा गराउने क्रममा मन्दिर व्यवस्थापन समितिका तर्फबाट व्यवस्थापनका लागि गएका तथा यात्रासँगै रहेका धनगढी उप-महानगरपालिका वडा नं. ३ निवासी श्री विनोद दाहालको छोरा वर्ष १६ को पंकज दाहाल र भारतको आसाम घर भएका श्री प्रेम प्रसाद अधिकारीको छोरा हाल वृन्दवनमा अध्ययनरत वर्ष १८ को श्री भोजराज अधिकारीको मुक्तिनाथ दर्शन गरी फर्किने क्रममा मिति २०८० असोज ११ गतेका दिन विहान चितवन जिल्ला भरतपुर महानगरपालिका स्थित नारायणी नदीको पवित्र स्थल श्री देवघाट धाममा स्नान गर्ने क्रममा दुई नदीको संगमको भुमरीमा परी अल्पायुमै असामयिक निधन भएको हुँदा धनगढी उप-महानगरपालिका स्तब्ध र भावविह्वल भएको छ । यस दुःखद घडीमा मृतकको आत्माको चिर शान्तिको कामना सहित वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण एवंम् शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै आजको यस कार्यपालिका बैठकबाट शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. ४

सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरु अर्न एण्ड लर्नका लागि इजरायल गएकोमा नेपाल सरकार गृह मन्त्रालयको मिति २०८०/०६/२२ को विज्ञप्ति अनुसार मिति २०८० असोज २० गते दक्षिण इजरायलको किबुज अलुमिम भन्ने स्थानमा प्यालेष्टाइनको हमास समूहले गरेको आक्रमणमा परी १०(दश) जना नेपाली विद्यार्थीहरुको दुःखद निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै आजको यस कार्यपालिका बैठकबाट शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. ५

यस धनगढी उप-महानगरपालिका वडा नं. १४ का वडा सदस्य श्री मान बहादुर खत्रीको ६६ वर्षको उमेरमा मिति २०८०/०६/२१ गतेका दिन काठमाण्डौंमा उपचारको क्रममा असामयिक निधन भएको हुँदा धनगढी उप-महानगरपालिका परिवार स्तब्ध र मर्माहत भएको छ । यस दुःखद् घडिमा मृतकको आत्माको चीर शान्तिको कामना सहित वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण एवंम् शोकाकुल परिवारजन प्रति हार्दिक समबेदना प्रकट गर्दै आजको यस कार्यपालिका बैठकबाट शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. ६

यस धनगढी उप-महानगरपालिकाको आयोजना र लक्ष्मीनारायण मन्दिरको व्यवस्थापनमा ज्येष्ठ नागरिक तथा भगतहरुलाई मुक्तिनाथ धार्मिक यात्रा गराउने क्रममा मन्दिर व्यवस्थापन समितिका तर्फबाट व्यवस्थापनका लागि गएका तथा यात्रासँगै रहेका धनगढी उप-महानगरपालिका वडा नं. ३ निवासी श्री विनोद दाहालको छोरा वर्ष १६ को पंकज दाहाल र भारतको आसाम घर भएका श्री प्रेम प्रसाद अधिकारीको छोरा हाल वृन्दवनमा अध्ययनरत वर्ष १८ को श्री भोजराज अधिकारीको मुक्तिनाथ दर्शन गरी फर्किने क्रममा मिति २०८० असोज ११ गतेका दिन विहान चितवन जिल्ला भरतपुर महानगरपालिका स्थित नारायणी नदीको पवित्र स्थल श्री देवघाट धाममा स्नान गर्ने क्रममा दुई नदीको संगमको भुमरीमा परी अल्पायुमै असामयिक निधन भएको हुँदा मृतकका परिवारहरुलाई धनगढी उप-महानगरपालिकाको तर्फबाट जनही रु. १,०१,०००।– (अक्षरुपी एक लाख एक हजार मात्र ।) राहत उपलब्ध गराउने निर्णय गरियो ।

आजको बैठक अन्त गरियो ।